बैठक संख्या - ८४० औं

**समयः- विहानको १०.००वजे**

आज मिति २०८२ साल कार्तिक महिनाको २२ गते शनिवारको दिन हुप्सेकोट गाउँ कार्यपालिकाको कार्यालयमा यस गाउँपालिका अध्यक्ष श्री लक्ष्मीदेवी पाण्डेज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको उपस्थितीमा छलफल गरी देहाय अनुसारको निर्णय गरियो ।

उपस्थिती

| हस्ताक्षर | नाम थर | पद |
|---|---|---|
| | श्री लक्ष्मी देवी पाण्डे | गाउँपालिका अध्यक्ष |
| | श्री पूर्ण सिं राना मगर | गाउँपालिका उपाध्यक्ष |
| | श्री रेवती सारु (मगर) | कार्यपालिका सदस्य एवं गाउँपालिका प्रवक्ता |
| | श्री प्रेम बहादुर घर्ती | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं १ |
| | श्री कृष्ण बहादुर थापा | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं २ |
| | श्री विष्णु राना (मगर) | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ३ |
| | श्री महेन्द्र पाण्डेय | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ४ |
| | श्री पदम बहादुर राना मगर | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ५ |
| | श्री छम बहादुर सोमै मगर | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ६ |
| | श्री उर्मिला महतो | कार्यपालिका सदस्य |
| | श्री तुलीसरा सोमै मगर | कार्यपालिका सदस्य |
| | श्री बिनीसरा ढेंगा मगर | कार्यपालिका सदस्य |
| | श्री मोतीलाल कुमाल | कार्यपालिका सदस्य |
| | श्री केमान सिंह | कार्यपालिका सदस्य |
| | श्री हरि प्रसाद पराजुली | सदस्य – सचिव |
| आमन्त्रित उपस्थिती | | |
| | श्री राजेन्द्र प्रसाद रेग्मी | वरिष्ठ लेखा अधिकृत |
| | श्री रवि काफ्ले | प्रशासकीय अधिकृत |
| | श्री कृष्ण तमाङ | सूचना प्रविधि अधिकृत |

पुर्वाधार विकास शाखाबाट पेश भएकोले थप रकम रु २ लाख ६० हजार रकम अन्य पुर्वाधार विकास शिर्षकबाट थप गरी एकमुष्ट लागत अनुमान तयार गरी योजना सम्झौता गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५ – आर्थिक सहायता सम्वन्धमा ।**

**निर्णय नं. ५.**

**प्रस्ताव नं. ५ का सम्बन्धमा** यस गाँउपालिका २ नं. वडा कार्यालयको च.नं. ४८५ मिति २०८२/०७/०९ गतेको सिफारिस पत्रानुसार सम्मर वहादुर क्षेत्रीको नाति कमल वहादुर क्षेत्रिको छोरा विकल क्षेत्रीको वैदेशिक अध्ययनको क्रममा मृत्यु भएको र निजको घरको आर्थिक अवस्था कमजोर भएकोले सहयोग रकम उपलब्ध गराउन निवेदन माग भएकोले रु ३० हजार सहयोग गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६ व्यवस्थापन सामग्री उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं. ६.**

**प्रस्ताव नं. ६ का सम्बन्धमा** नेपाल राष्ट्रिय भुतपूर्व सैनिक संघको मिति २०८२/०५/२२ गतेको प्राप्त पत्रानुसार विपद व्यवस्थापन कार्यालयमा आवश्यक सामाग्री व्यवस्थापन गर्ने भनि लेखि आएकोले सो अति आवश्यक सामाग्रिहरु यकिन गरेर मात्र व्यवस्थापन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७ -आरनघाट मोटरेवल पुलको विस्तृत परियोजना प्रतिवेदन स्विकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ७**

**प्रस्ताव नं. ७ का सम्बन्धमा** छलफल गर्दा नेपाल सरकार सहरी विकास मन्त्रालयबाट आर्थिक वर्ष ०८२/०८३ मा विनियोजित बजेट कार्यन्वयन गर्नका लागि यस गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/०४/०९ गतेको निर्णय अनुसार तयार भएको विस्तृत परियोजना प्रस्तावना स्विकृत गरी ठेक्का प्रकृया अगाडि बढाउन सहरी विकास मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो।

**प्रस्ताव नं. ८ - हुप्सेकोट प्रहरी चौकीका लागि फर्निचर तथा कम्प्युटरजन्य सामाग्री व्यवस्थापन गर्ने सम्बन्धमा।**

**निर्णय नं. ८**

**प्रस्ताव नं. ८ का सम्बन्धमा** छलफल गर्दा सम्वत् २०८२ साल भाद्र २३ र २४ गते भएको जेन जी आन्दोलनका कारण यस गाउँपालिका वडा न १ स्थित हुप्सेकोट प्रहरी चौकीमा आगलागि भइ सेवा प्रवाहमा कठिनाइ भएकोले फर्निचर तथा कम्प्युटरजन्य सामाग्रि सहयोगका लागि निवेदन पेश भएकोमा तपसिल बमोजिमका सामाग्रिहरु खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो।

तपसिल

| क स | सामाग्रीको नाम | परिमाण | कैफियत |
|---|---|---|---|
| | अफिस टेबल | २ थान | |
| | घुम्ने कुर्ची | २ थान | |
| | प्लाष्टिक कुर्ची | ५ थान | |
| | डेक्सटप | १ थान | |
| | प्रिन्टर | १ थान | |